सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावलीको, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण



२०८३ श्रावणदेखि असोजसम्म सम्पादित प्रमुख प्रमुख क्रियाकलापहरु

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश, सुर्खेत

सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावलीको, २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण

सूचना सार्वजनिक गर्ने निकायको नामः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर सुर्खेत

सूचना सार्वजनिक गरेको अवधिः २०८३ श्रावणदेखि असोज मसान्तसम्म

कार्यालयको स्वरुप र प्रकृति

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश मन्त्रिपरिषद, प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन, सञ्चार, भ्रष्टाचार नियन्त्रण र संघ र स्थानीय तहसंगको सम्पर्क र समन्वय। कर्णाली प्रदेश, प्रदेश सरकार कार्यविभाजन नियमावली,२०७४ मा उल्लेख भए बमोजिम यस कार्यालयको कार्य जिम्मेवारीहरू अन्तर्गत पर्ने कार्यहरू सम्पादन गर्न यस कार्यालयको लागि नेपाल सरकार (मन्त्रिपरिषद्)बाट स्वीकृत भई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २४ मिति २०७५।०४।०९ को पत्रसाथ प्राप्त पछिल्लो संगठन संरचनाले देहायको सङ्गठन संरचनाको व्यवस्था गरेको छ।

क) दुरदृष्टी

नेपालको संविधान तथा कानूनद्धारा प्रत्याभूत अधिकार र दायित्व पालना गरी जवाफदेही, पारदर्शी, सहभागितामूलक एवं जनमुखी सेवा प्रवाह मार्फत सुशासन कायम गर्ने।

ख) उद्देश्य

प्रदेशको सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, परिणाममुखी, जवाफदेही र जनउत्तरदायी बनाइ प्रदेशको विकास र समृद्धि हासिल गर्ने।प्रदेशमा भरपर्दो, विश्वसनीय, मजबुत सुरक्षा प्रबन्ध मिलाइ शासकीय सबलीकरण गर्ने।

ग) रणनीतिः

अन्तर तह, अन्तर निकायको सहकार्य र समन्वयमा प्रदेश सुरक्षा, विकास तथा सुशासनको प्रत्याभूत गर्ने।प्रदेश मातहतका मन्त्रालय तथा कार्यालयहरुको कार्यको समन्वय, सुपरीवेक्षण, अनुगमन तथा मुल्याङ्कन र नियन्त्रण गर्ने।मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने। निर्वाचन कार्यमा सहयोग र समन्वय गर्ने। प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वय गर्ने। प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने।

१. कार्यक्षेत्रः

यस कार्यालयले सम्पादन गर्नेपर्ने कार्यहरु देहायनुसार रहेका छन्


- प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी कार्य गर्ने।

- प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने।
- प्रदेश सरकारको कार्यविभाजन तथा कार्य सञ्चालन गर्ने।
- प्रदेश सरकरो नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने।
- प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन गर्ने।
- प्रदेश मन्त्रालयहरुको कार्यको समन्वय, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण गर्ने।
- प्रदेश मन्त्रिपरिषद निर्णयको कार्यान्वयन र अनुगमन गर्ने।
- प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने।
- प्रदेश भित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरुको अद्यावधिक, जानकारी र सम्बोधन गर्ने।
- मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने।
- सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार गर्ने।
- संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य संघीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय गर्ने।
- संघीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन गर्ने।
- प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन बनाउने।
- राष्ट्रिय समन्वय परिषद् र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तसम्बन्ध ।
- प्रदेशस्तरका आयोग तथा निकायहरुको गठन एवम् सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी नीति तथा कनूनको तर्जुमा र कार्यान्वयन।
- निर्वाचन कार्यमा सहयोग र समन्वय गर्न।
- प्रदेशस्तरमा मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन गर्ने।
- प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन गर्ने।
- प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण गर्ने।
- प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सुर्वेक्षण र व्यवस्थापन परीक्षण
- प्रेदश प्रशिक्षण प्रतिष्ठानको सञ्चालन, प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवम् समन्वय
- प्रदेशका पदाधिकारी तथा कर्मचारीको वैदेशिक अध्ययन तथा भ्रमण सम्बन्धी

- प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन
- गाउँपालिका र नगरपालिकाको कर्चारी र कार्यालयको व्यवस्था सम्बन्धी कानून तर्जुमा
- प्रादेशिक नीति अनुसन्धानर नीति प्रयोगशाला सञ्चालन सम्बन्धी
- प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा सङ्घसँगको समन्वय र सहकार्य
- अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा
- सङ्घीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय
- सङ्घीय कानून बमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन
- प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना सङ्कलन, रोकथाम, नियन्त्रण तथा समन्वय
- कानून, न्याय तथा प्रदेश सभा मामिला सम्बन्धी
- प्रदेश सभामा पेश हुने विधेयक तर्जुमा र प्रमाणीकरण सम्बन्धी
- अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन विश्लेषण र उपयो तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग
- आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनमा सहयोग
- प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारको संरक्षण र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी
- सामुदायिक प्रहरी
- प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन
- प्रदेशभित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन
- प्रदेशभित्रका गैरसरकारी सङ्घ, संस्थाहरूको अभिलेख र समन्वय
- गुनासो र विवाद व्यवस्थापन
- सङ्घीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन
- फौजदारी कार्यविधि कानूनको कार्यान्वयन
- अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति
- निवारक नजरबन्द र स्थानहद सम्बन्धी
- अन्तरप्रदेश सम्बन्ध
- सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान

- स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वय
- पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, अभिभावकविहीन बालबालिका, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- विपद व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्शाङ्कन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन
- उपाधि, सम्मान तथा विभूषणको सिफारिस
- प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आादिको व्यवस्थापन
- प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनर्स्थापना सम्बन्धी
- सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्बन्धी
- प्रदेशस्तरको विद्युतीय संचार माध्यम सञ्चालनसम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण
- प्रदेशस्तरमा तारयुक्त र तारराहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन
- प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन
- प्रदेश भित्र टेलिसेन्टर सञ्चालन, व्यवस्थापन र नियमन
- प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित संचार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन
- साइवर सुरक्षा अनुगमन
- छापासञ्चार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन
- प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण
- श्रमजिवी सञ्चारकर्मीहरूको न्यूनतम पारिश्रमिक अनुगमन
- प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी
- केबुल वितरणको इजाजत, नवीकरण र नियमन
- सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन
- चलचित्र निर्माण, हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन
- प्रदेश सरकार अन्तर्गत रहेका सरकारी सवारी साधनको अभिलेख, नियन्त्रण, संरक्षण, व्यवस्थापन र समन्वय गर्ने
- अन्य कुनै पनि मन्त्रालयलाई गर्ने भनी स्पष्ट रुपमा नतोकिएको कार्य।

३.मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संगठनक संरचना



४. निकायमा रहने कर्मचारीहरुको संख्या र कार्य विववरण

क्र.सं	कर्मचरीको नाम थर	पद	जिम्मेवार क्षेत्र/महाशाखा/शाखा
१	श्री राधिका अर्याल	प्रमुख सचिव	कर्णाली प्रदेश सरकार
२	श्री डा रमेश कुमार के.सी	सचिव	शान्ति सुरक्षा, विपद् व्यवस्थान तथा सूचना प्रविधि क्षेत्र
३	श्री लक्ष्मी कुमार वि.क	सचिव	प्रशासन तथा शासकिय सुधार क्षेत्र
४	श्री निधिराज न्यौपाने	सचिव कानून	कानून क्षेत्र
५	श्री नेत्र बहादुर कार्की	वरिष्ठ उपसचिव	प्रशासन महाशाखा
६	श्री निर्मला रेग्मी	उपसचिव	प्रदेश कर्मचारी अभिलेखालय
७	श्री विद्याप्रसाद उपाध्याय	उपसचिव	शासकीय सुधार महाशाखा, योजना अनुगमन तथा आर्थिक पूर्वाधार महाशाखा
८	श्री सुरेन्द्रबहादुर शाही	उप सचिव	शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन महाशाखा
९	श्री मान बहादुर सुनार	प्रमुख लेखा अधिकृत	आर्थिक प्रशासन शाखा
१०	श्री राजेन्द्र बहादुर रावत	कानून अधिकृत	कानून तर्जुमा तथा फैसला कार्यान्वयन महाशाखा

११	श्री नवराज शर्मा	शाखा अधिकृत	का.म.मु तथा बढुवा शाखा
१२	श्री लक्ष्मण गिरी	शाखा अधिकृत	योजना अनुगमन तथा आर्थिक पूर्वाधार महाशाखा तथा प्रदेश कर्मचारी प्रशासन शाखा
१३	श्री चन्द्रा खड्का	शाखा अधिकृत	प्रदेश कर्मचारी प्रशासन शाखा तथा सूचना शाखा
१४	श्री मदन लामिछाने	शाखा अधिकृत	प्रदेश कर्मचारी अभिलेखालय
१५	श्री रमेश वली	शाखा अधिकृत	शासकीय सुधार महाशा र बैठक माहाशाखा
१६	श्री धर्मराज ढकाल	शाखा अधिकृत	स्थानीय सेवा कर्मचारी प्रशासन शाखा
१७	श्री ईश्वरी बम	शाखा अधिकृत	प्रदेश कर्मचारी अभिलेखालय
१८	श्री लक्ष्मी कंडेल	शाखा अधिकृत	शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन महाशाखा
१९	श्री अमृता पुन	शाखा अधिकृत	शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन महाशाखा
२०	श्री चुडामणि काफ्ले	प्रशासकीय अधिकृत	प्रमुख सचिवज्यूको सचिवालय
२१	श्री पार्वती वली	प्रशासकीय अधिकृत	शासकीय सुधार महाशाखा
२२	श्री ज्योती शाही	कम्प्युटर अधिकृत	सूचना प्रविधि तथा सञ्चार शाखा
२३	श्री रत्ना पौडेल	प्रशासकीय अधिकृत	स्थानीय सेवा कर्मचारी प्रशासन शाखा
२४	श्री भिम बहादुर गुरुङ्ग	प्रशासकीय अधिकृत	गुनासो व्यवस्थापन इकाई
२५	श्री तुलसी प्रसाद आचार्य	कम्प्युटर अधिकृत	मानव अधिकार प्रवर्द्धन तथा राजपत्र प्रकाशन शाखा
२६	श्री चन्द्र बहादुर मन्दिर	कम्प्युटर अधिकृत	बढुवा शाखा
२७	श्री नविन ढकाल	प्रशासकीय अधिकृत	प्रदेश कर्मचारी शाखा
२८	श्री निरञ्जना रेग्मी	प्रशासकीय अधिकृत	प्रदेश कर्मचारी अभिलेखालय
२९	श्री विष्णु बहादुर चौधरी	प्रशासकीय अधिकृत	प्रशासन तथा शासकिय सुधार क्षेत्र हर्ने सचिवको सचिवालय
३०	श्री दुर्गा बराल मगर	कम्प्युटर अधिकृत	प्रदेश कर्मचारी अभिलेखालय
३१	श्री शोभा वास्कोटा	प्रशासकीय अधिकृत	प्रदेश कर्मचारी अभिलेखालय
३२	श्री गोपी प्रसाद पौडेल	प्रशासकीय अधिकृत	शान्ति सुरक्षा, विपद् व्यवस्थान तथा सूचना प्रविधि क्षेत्र हेर्ने सचिवको सचिवालय
३३	श्री कमला योगी	प्रशासकीय अधिकृत	शान्ति सुरक्षा, विपद् व्यवस्थान महाशाखा
३४	श्री पूर्णा सापकोटा	कम्प्युटर अपरेटर	सूचना प्रविधि तथा सञ्चार शाखा र योजना, अनुगमन तथा आर्थिक पूर्वाधार शाखा
३५	श्री चक्र बहादुर थापा	नायब सुब्बा	प्रदेश कर्मचारी अभिलेखालय
३६	श्री सुरेश कुमार वि.क.	ना.सु	कानून क्षेत्र हर्ने सचिवको सचिवालय
३७	श्री रमेश प्रसाद कोहार	कम्प्युटर टेकनिसियन	प्रदेश कर्मचारी अभिलेखालय
३८	श्री सन्ध्या अधिकारी	वरिष्ठ प्रशासन सहायक	प्रदेश कर्मचारी अभिलेखालय
३९	श्री तारा प्रसाद पौडेल	प्रशासन सहायक	प्रदेश कर्मचारी प्रशासन शाखा
४०	श्री गोविन्द खड्का	सहायक लेखा	प्रदेश कर्मचारी प्रशासन शाखा
४१	श्री ढुण्डीराज खरेल	हलुका सवारी चालक	प्रदेश कर्मचारी प्रशासन शाखा
४२	श्री तिलक प्रसाद ज्ञवाली	हलुका सवारी चालक	प्रदेश कर्मचारी प्रशासन शाखा
४३	श्री सागर भट्टराई	हलुका सवारी चालक	प्रदेश कर्मचारी प्रशासन शाखा
४४	श्री टेक वहादुर थापा	हलुका सवारी चालक	प्रदेश कर्मचारी प्रशासन शाखा
४५	श्री खेम बहादुर सिंह ठकुरी	हलुका सवारी चालक	प्रदेश कर्मचारी प्रशासन शाखा

४६	श्री गणेश घर्ती मगर	हलुका सवारी चालक	प्रदेश कर्मचारी प्रशासन शाखा
४७	श्री भिमबहादुर बुढा मगर	हलुका सवारी चालक	प्रदेश कर्मचारी प्रशासन शाखा
४८	श्री मान बहादुर सिजाली	हलुका सवारी चालक	प्रदेश कर्मचारी प्रशासन शाखा
४९	श्री धन बहादुर भण्डारी	हलुका सवारी चालक	प्रदेश कर्मचारी प्रशासन शाखा
५०	श्री सोनम चौधरी	कार्यालय सहयोगी	प्रदेश कर्मचारी प्रशासन शाखा
५१	श्री मोहन सिंह खड्का	कार्यालय सहयोगी	प्रदेश कर्मचारी प्रशासन शाखा
५२	श्री दुर्गा प्रसाद रताला	कार्यालय सहयोगी	प्रदेश कर्मचारी प्रशासन शाखा
५३	श्री कौशिला थापा	कार्यालय सहयोगी	प्रदेश कर्मचारी प्रशासन शाखा
५४	श्री सीता सार्की	कार्यालय सहयोगी	प्रदेश कर्मचारी प्रशासन शाखा
५५	श्री हरिलाल गौतम	कार्यालय सहयोगी	प्रदेश कर्मचारी प्रशासन शाखा
५६	श्री गौरी रावत	कार्यालय सहयोगी	प्रदेश कर्मचारी प्रशासन शाखा
५७	श्री विरिन्दा धमला	कार्यालय सहयोगी	प्रदेश कर्मचारी प्रशासन शाखा
५८	श्री तारा रावल	कार्यालय सहयोगी	प्रदेश कर्मचारी प्रशासन शाखा
५९	श्री विर प्रसाद बुढा	कार्यालय सहयोगी	प्रदेश कर्मचारी प्रशासन शाखा
६०	श्री सन्तराम चौधरी	कार्यालय सहयोगी	प्रदेश कर्मचारी प्रशासन शाखा
६१	श्री खिमा खत्री पाण्डे	कार्यालय सहयोगी	प्रदेश कर्मचारी प्रशासन शाखा
६२	श्री मनिशा वि.क.	कार्यालय सहयोगी	प्रदेश कर्मचारी प्रशासन शाखा
६३	श्री मंगले चौधरी	कार्यालय सहयोगी	प्रदेश कर्मचारी प्रशासन शाखा
६४	श्री गंगा शाही	माली	प्रदेश कर्मचारी प्रशासन शाखा
६५	श्री अम्मर थापा	माली	प्रदेश कर्मचारी प्रशासन शाखा

६. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधिः

यस कार्यालयबाट प्रवाह गरिने सबै सेवा निःशुल्क रुपमा प्रवाह गरिने।

७. निकाय प्रमुख र सूचना अधिकारी नाम र पद

प्रमुखः प्रमुख सचिव श्री राधिका अर्याल

सूचना अधिकारीः उपसचिव श्री सुरेन्द्र बहादुर शाही

८. सम्पादन गरेको कामको विवरण

- प्रशासन महाशाखाबाट १२१ जनाको सरुवा, २० जनाको कामकाज, १३ जनाको सरुवा सहमती, ४ जनाको अध्ययन विदा स्वीकृति, ३ जनाको वैदेशिक सेमीनारमा मनोनयन साथै राजीनामा र अनिवार्य अवकासको सिफारिस ९ जनाको कार्य सम्पन्न भएको ।
- विभिन्न कार्यक्रमको आयोजना गरी प्रदेश स्थापना दिवश, संविधान दिवश, प्रदेश निजामति दिवश मनाउने कार्य सम्पन्न भएकोछ।
- बढुवा सचिवालय तथा स्थानीय प्रशासनबाट १५७ जना स्थानीय प्रशासन सेवा, १८४ जना इन्जनियरिङ सेवा, १ जना स्वास्थ्य सेवा, १२ जना कृषि, लापोडेडे तथा भेटेनरी सेवाका स्थानीय तहका कर्मचारीहरुको बढुवा तथा पदस्थापनाको लागि सिफारिस कार्य सम्पन्न भएको।

- स्थानीय प्रशासन शाखाबाट स्थानीय तहमा कार्यरत ४७ जना कर्मचारीहरुको काज सिफारिस गर्ने कार्य भएको।
- मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विभिन्न स्थानीय तहको अनुगमन कार्य भएको।
- मिति २०८३ श्रावण देखि असोज मसान्तसम्म ६ वटा मन्त्रिपरिषद्को बैठक बसी विभिन्न १७ वटा निर्णयहरु भएका छन्।
- इलाका प्रहरी कार्यालय राकम कर्णाली दैलेखको अधुरो भवन निर्माणका लागि गृह मन्त्रालयबाट सहमती प्राप्त भइ जिल्ला प्रहरी कार्यालय दैलेखलाई अख्तियारी प्रदान गर्नको लागि प्रकृया अगाडि बढेको।
- सुरक्षा निकायका ७ वटा भवनहरु निर्माणको लागि सम्बन्धित जिल्लाका पूर्वाधार विकास कार्यालयहरुमा रकम निकासा गरिएको।
- प्रदेश विपद् व्यवस्थापन कोषमा रु १५ लाख रकम थप गरिएकोछ।
- स्वास्थ्य सेवा निर्देशनालय सुर्खेतलाई १३९ थान अक्सिजन कन्सन्ट्रेटरहरु आपतकालिन गोदामघरबाट हस्तान्तरण गरिएकोछ।
- कर्णाली प्रदेशका १० वटै जिल्ला विपद् व्यवस्थापन कोषहरुलाई विपद् राहत तथा उद्धार सामग्री खरिदका लागि प्रति जिल्ला रु २० लाखका दरले रकम हस्तान्तरण गरिएको छ।
- रसुवा बाढी प्रभावितहरुको लागि कर्णाली प्रदेशका १० वटै जिल्ला विपद् व्यवस्थापन कोषहरुमा विपद् राहत तथा उद्धार सामग्रीका लागि प्रति जिल्ला रु १५ लाखका दरले रकम निकासा गरिएको छ।
- प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु. २ करोड सहयोग गरिएको।
- जाजरकोट जिल्लाका बाढी तथा पहिरो प्रभावित र विस्थापित परिवारका लागि चामल ४ क्वीन्टल, चिउरा ४७ किलो, त्रिपाल १५० थान, कालो पलाष्टिक २ रोल, पिफर्म २ रोल, टेन्ट २० थान र ब्लाङकेट १८५ थान राहत सामग्रीहरु पठाइएको।
- विभिन्न कानूनहरुको मस्यौदा तर्जुमा भइ रेहेको ।
- राजपत्र आवश्यकता बमोजिम प्रकाशन भइरहेको।
- रिट निवेदनका जवाफहरु दिई रहेको।
- प्रदेश सरकारका विभिन्न मन्त्रालयबाट प्राप्त भएका निर्देशिका कार्यविधि मस्यौदामा राय सहमति प्रदान गरिएको।
- प्रदेश र स्थानीय तहमा नयाँ नियुक्त भएका कर्मचारीहरुको नियुक्ति भएको साठी दिन भित्र सम्पत्ति विवरण सम्बन्धित निकायले दर्ता तथा राष्ट्रिय सतर्कता केन्द्रको वेवसाइटमा Online Entry गरी सम्पत्ति विवरण खामबन्दीहरुको अभिलेखिकरण भएको।
- यस कार्यालयमा प्राप्त भएका आ.व. २०८२/०८३ को स्थायी कर्मचारीहरुको सम्पत्ति विवरण (प्रदेश लोकसेवाबाट तथा २०७५/७६ मा सिफारिस भएका) PIS Portal मा तोकिएको समयावधि भित्र २४३६ जनाको दर्ता भएको।
- प्रदेश तर्फ (पदाधिकारी र सचिवालय कर्मचारी तथा स्थायी कर्मचारी बाहेकका आ.व. २०८२।०८३) राष्ट्रिय सतर्कता केन्द्रको Portal मा १५६४ जनाको सम्पत्ति विवरण दर्ता भएको।
- स्थानीय तर्फ (पदाधिकारी र सचिवालय तथा स्थायी कर्मचारी बाहेकका आ.व. २०८२।०८३) राष्ट्रिय सतर्कता केन्द्रको Portal मा २२८७५ जनाको सम्पत्ति विवरण दर्ता भएको।

- आ.व. २०८३/०८४ मा प्रदेश लोकसेवाबाट सिफारिस भएका कर्मचारीहरु र नयाँ नियुक्ति भएका पदाधिकारी/कर्मचारीहरुको राष्ट्रिय सतर्कता केन्द्रको Portal मा ४३ जनाको सम्पत्ति विवरण दर्ता भएको। **कुल जम्मा : २६९१८ जना।**
- **प्रदेश तह:** यस आ.व. मा हालसम्म ०१ जना कर्मचारीको सिटरोल दर्ता भएको।
- **स्थानीय तह:** यस आ.व. मा हालसम्म ०७ जना कर्मचारीहरुको सिटरोल दर्ता भएको।
- हालसम्म प्रदेश र स्थानीयतह गरी २८५ जना कर्मचारीको वैयक्तिक विवरण अद्यावधिक भएको।

मुख्यमन्त्रीतथा मन्त्रपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद्मा पेश भएका निर्णयहरु

कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८३ साल भाद्र ०९ गते मंगलबारको बैठकबाट भएको निर्णयहरू

क्र.सं.	प्रस्ताव पेस गर्ने मन्त्रालय	निर्णयको बेहोरा
१.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	प्रदेश सचिवलाई कामकाजमा खटाउने सम्बन्धमा।
२.	आर्थिक मामिला तथा योजना मन्त्रालय	कर्णाली प्रदेश सरकारको सामयिक राजश्व उठाउने सम्बन्धी विधेयक कर्णाली प्रदेश सभामा पेस गर्नको लागि स्वीकृति प्रदान गर्ने सम्बन्धमा।
३.	आर्थिक मामिला तथा योजना मन्त्रालय	कर्मचारीहरूको नयाँ तलबमान, ग्रेड, प्रोत्साहन भत्ता र महँगी भत्ता स्वीकृत गर्ने सम्बन्धमा।

कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८३ साल भदौ १६ गते मंगलवारको बैठकबाट भएको निर्णयहरू

क्र.सं.	प्रस्ताव पेस गर्ने मन्त्रालय	निर्णयको बेहोरा
१.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रू. दुई करोड जम्मा गर्ने।
२.	सामाजिक विकास मन्त्रालय	"कर्णाली प्रदेश शिक्षा क्षेत्र योजना २०८३-२०९२" स्वीकृत गर्ने ।

कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८३ साल भदौ २४ गते बुधवारको बैठकबाट भएको निर्णयहरू

क्र.सं.	**प्रस्ताव पेस गर्ने मन्त्रालय**	**निर्णयको बेहोरा**
१.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	प्रदेश सचिव श्री राम बहादुर कुरुम्वाङलाई प्रदेश लोक सेवा आयोग कर्णाली प्रदेश सुर्खेतको रिक्त प्रदेश सचिव पदमा कामकाजमा खटाउने।

२.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	इलाका प्रहरी कार्यालय राकमको अधुरो भवन निर्माणको लागि रू. एक करोड छ लाख पचास हजार मात्र अख्तियारी प्रदान गर्न नेपाल सरकार, गृह मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति माग गर्ने सम्बन्धमा।
३.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	कर्णाली प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ५ र सो सँग सम्बन्धित अनुसूची बमोजिम स्वकीय सचिवको सेवा सुविधा प्रदान गर्न प्रदेशसभा सचिवालयलाई लेखी पठाउने।
४.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	कर्णाली प्रदेश सरकारको प्रवक्तामा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय कल्याणी खड्कालाई तोक्ने।
५.	सामाजिक विकास मन्त्रालय	दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभामा पेस गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा।

कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८३ साल भदौ २९ गते सोमवारको बैठकबाट भएको निर्णयहरू

क्र.सं.	प्रस्ताव पेस गर्ने मन्त्रालय	निर्णयको बेहोरा
१.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालको आठौं अधिवेशन मिति २०८३/०५/२९ गते सोमवार राति १२:०० बजेदेखि लागू हुने गरी अन्त्य गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने।

कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८३ साल असोज ०७ गते बुधवारको बैठकबाट भएको निर्णयहरू

क्र.सं.	प्रस्ताव पेस गर्ने मन्त्रालय	निर्णयको बेहोरा
१.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	(क) प्रदेश सचिव डा. चन्द्र प्रसाद रिसाल (क.सं.नं. १७१२९७) लाई भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतको रिक्त प्रदेश सचिव पदमा कामकाजमा खटाउने। (ख) कर्णाली प्रदेश निजामती सेवा ऐन, 2080 को दफा १५ को उपदफा (१) बमोजिम एघारौं तह वा सो सरहको पदमा पदस्थापन गर्ने कर्णाली प्रदेश सरकारमा रहेको अधिकार सोही ऐनको दफा १३७ को उपदफा (१) बमोजिम माननीय मुख्यमन्त्री मंगल बहादुर शाहीलाई प्रत्यायोजन गर्ने र सोको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्ने।

२.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको सचिवालयको सङ्गठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।
३.	जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय	जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय, सुर्खेतमा कार्यरत योजना महाशाखा प्रमुख वरिष्ठ सि.डि.ई. श्री रमेश सुवेदीलाई कर्णाली प्रदेश सरकारको तर्फबाट जगदुल्ला हाइड्रोपावर कम्पनीको सञ्चालक समितिको सदस्य मनोनयन गर्ने।

कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८३ साल असोज २३ गते शुक्रवारको बैठकबाट भएको निर्णयहरू

क्र.सं.	प्रस्ताव पेस गर्ने मन्त्रालय	निर्णयको बेहोरा
१.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	कर्णाली प्रदेश योजना आयोगको उपाध्यक्ष पदमा जुम्ला जिल्ला, तातोपानी गाउँपालिका निवासी डा. भीम बहादुर खत्रीलाई नियुक्त गर्ने।
२.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	नाम्खा गाउँपालिका हुम्लालाई मित्रराष्ट्र चीनको बुलाङ काउन्टीसँग भगिनी सम्बन्ध कायम गर्नका लागि नेपाल सरकारको पूर्व स्वीकृतिको लागि सिफारिस गर्ने।
३.	भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय	"कर्णाली प्रदेश राईड सेयरिङ तथा सेल्फ ड्राईभ (नियमन र व्यवस्थापन) नियमावली, २०८३" स्वीकृत गर्ने।

ऐन/नियमावली/निर्देशिका/कार्यविधि/मापदण्डहरुको सूचीः

- कर्णाली प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८३
- कर्णाली प्रदेश आपतकालीन गोदामघर (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३
- कर्णाली प्रदेश आर्थिक ऐन, २०८३
- कर्णाली प्रदेश विनियोजन ऐन, २०८३
- स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१
- कर्णाली प्रदेश निजमती सेवा ऐन, २०८०
- कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०८०
- आयोजना सूचना व्यवस्थापन प्रणाली सञ्चालन निर्देशिका, २०७९
- कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८०
- कर्णाली प्रदेश सुशासन नियमावली, २०७९
- प्रदेश लोक सेवा आयोग ऐन, २०७७

- कार्य विभाजन दोस्रो संशोधन नियमावली २०७४
- प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४
- सञ्चितकोष नियमावली, २०७५
- मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०७५
- सार्वजनिक लिखत प्रमाणिकरण नियमावली
- एकीकृत वस्ती विकास कार्यक्रम सञ्चालन नियमावली, २०७९
- प्रदेशको वित्तीय जोखिम न्यूनीकरण कार्यविधि २०७८
- प्रदेशको वित्तीय जोखिम न्यूनीकरण कार्यविधि २०७८
- मुख्यमन्त्री दलित आय आर्जन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८
- अनुदान व्यवस्थापन कार्यविधि नियम
- कर्णाली उज्यालो कार्यक्रम कार्यान्वयन कार्यविधि
- कर्णाली प्रदेश विशेष कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७
- जीविकोपार्जन कार्यविधि पहिलो संशोधन
- प्रदेश मन्त्रिपरिषद्सम्बन्धी कार्यविधि
- प्रदेश सेवाका कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५
- प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्बन्धी कार्यविधि
- बैंक खाता छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रम संचालन कार्यविधि
- बैठक तथा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७
- मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८
- श्रमदिन अभियान सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि
- एकिकृत बस्ती विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७
- कर्णाली प्रदेश निजामती कर्मचारीको सरुवा तथा काज सम्बन्धी मापदण्ड, २०७७
- कर्णाली प्रदेश मन्त्रिपरिषद सदस्यको आचार संहिता
- हाम्रा कुरा मुख्यमन्त्री विद्युतीय गुनासो व्यवस्थापन निर्देशिका
- कर्णाली प्रदेश निजामती सेवाका कर्मचारीको सरुवा तथा फाजिल व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८२
- प्रदेश सरकार (कार्य विभाजन) नियमावली २०७४ को अनुसूची २ हेरफेर

आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

चालुतर्फको जम्मा बजेटः ३८३४११०००।०० **खर्चः** ४७८२६५७६।५७

बाँकीः ३३५५८४४२३।४३

पुँजिगततर्फको जम्मा **बजेटः** ७६८०००००।०० **खर्चः** २६०७०७५।०२

बाँकीः ७४१९२९२४।९८

प्रदेश कर्मचारी अभिलेखालय

चालुतर्फको जम्मा बजेटः १३४१००००।०० **खर्चः** १८८०५०६।३२

बाँकीः ११५२९४९३०।६८

पुँजिगततर्फको जम्मा **बजेटः** २०००००।०० **खर्चः** ००

बाँकीः २०००००।००

मुख्यमन्त्री रोजगार कार्यक्रमः

जम्मा **बजेटः** २१५००००।०० **खर्चः** ४५२५०।००

बाँकीः २१०४७५०।००